नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४

पत्र संख्या : ०७८/७९

चौतारा

## सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गई सिन्धुपाल्चोक जिल्लामा पनि संक्रमण बढी हिजोसम्म संक्रमितको संख्या ६७० पुगेको हुँदा यस रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) का निर्णयहरु, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन कार्यविधि, २०७८, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा अर्को आदेश नभएसम्म मिति २०७८/११/०१ गते विहान ०६:०० बजे देखि मिति २०७८/११/१५ गते राती १२:०० बजेसम्मका लागि लागु हुने गरी देहायको आदेश जारी गरिएको छ।

<u>देहायः</u>

१. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलापहरु नगर्ने ।

२. गोष्ठी, सेमिनार समीक्षा वैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नु पर्ने भएमा कोभिड-१९ संक्रमण नभएका तथा सो विरुद्धको पूर्ण खोप लागाएका बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पूर्ण रुपमा पालना गरी गराई संचालन गर्ने ।

३. सिनेमा हल, नाचघर, क्लव, हेल्थक्लव, जिमखाना, स्विमिङ पुल, फुटसल आदि जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पुरा गरी रात्रीको १० बजेभित्र बन्द गर्ने गरी संचालन नगर्ने ।

४. विद्यालय, विश्वविद्यालय, कलेज, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पुरा गरी संचालन गर्ने ।तर विद्यालय सञ्चालन गर्दा १२ बर्ष नपुगेका विद्यार्थीहरुका हकमा विद्यार्थी संख्या हेरी आलोपालो दिनमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

५. पसलहरु संचालन गर्दा भिडभाड नगर्ने, अनावश्यक रुपमा चिज बस्तु नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाईज गर्ने गरी संचालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।

६. खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कुल दर्शक क्षमताको ५० प्रतिशतसम्म मात्र उपस्थित रहने गरी जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु तथा खेलकुदका प्रोटोकलहरु परिपालना गरी सञ्चालन गर्ने गराउने ।

७. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा पचास प्रतिशत नबढ्ने गरी वा १०० जनासम्म मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने गरी संचालन गर्ने गराउने ।

८. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वरान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्युसंस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालान गर्दा एक पटकमा १०० जना भन्दा बढी नहुने र मास्क तथा भौतिक दुरी लगायतका जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी संचालन गर्ने ।

९. सार्वजनिक यातायात संचालन सम्बन्धमा संचालकहरुले देहाय बमोजिम गर्नेः-

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने।

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने ।

>क्रमशः

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक
☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४

पत्र संख्या : ०७८।७९ चौतारा

(घ) चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने ।

(ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने ।

(च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रुपैंया लिई मास्क उपलव्ध गराउनु पर्ने ।

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।

१०. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा ५ रुपैंया लिई मास्क उपलव्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई प्रवेश नदिने ।

११. होटल तथा रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने:-

(क) होटल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पन्जा लगाउने ।

(ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

(ग) कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने ।

(घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने ।

(ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने ।

(च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा ५ रुपैंया लिई मास्क उपलव्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

१२. राष्ट्रिय राजमार्गहरुमा संचालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्य र स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१३. सबै प्रकारका व्यवसायहरुको अग्रपङ्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले कर्मचारीको एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएमा मात्र काममा खटाउने ।

१४. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा ५ दिन क्वारेण्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा सेवामा खटिने ।

१५. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१६. नियमित रुपमा संचालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

१७. भौतिक रुपमा सार्वजनिक सेवा लिन खोप कार्ड आवश्यक पर्ने भएकाले तोकिएका सबैले खोप लगाई सोको प्रमाण आफूसँग राख्ने, सार्वजनिक सेवा प्रदायकहरुले प्रमाण हेरी सेवा स्थल प्रवेश दिने व्यवस्था मिलाउने ।

१९. सरकारी, गैरसरकारी, व्यावसायिक, पेशागत र सामुदायिक संघ संस्थाले यो आदेशको पालना गर्न गराउन र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्नुपर्नेछ ।

२०. यस आदेशमा लेखिएकोमा यसै बमोजिम र अन्य कुराको हकमा नेपाल सरकारले अन्य आदेश वा सम्बन्धित मन्त्रालयले जारी गरेका मापदण्ड वा आदेश बमोजिम हुनेछ ।

२१. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही र सजाय हुनेछ ।

मितिः- २०७८/१०/२७

(वेदनिधि खनाल)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी